नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या: ०७७/७८

चलानी नं.: १४५

मिति :२०७७/०८/०५

विषयः समन्वय तथा सहजीकरण सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको प.सं. ०७७/७८ च.नं.:रा.म.उ.इ. ६६ मिति २०७७/०७/०३ को पत्र र सो पत्रसाथ प्राप्त राष्ट्रपति महिला उत्थान कार्यक्रम बहुआयामिक नमूना ग्राम अवधारणापत्र, २०७७ संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोहि बमोजिम समन्वय तथा सहजीकरण हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थः

श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखाः email मार्फत पठाईदिनु हुन ।

श्री महिला [illegible] शाखा

पत्राबाट व्यहोरा अवगत गरि आ.का. गर्ने ।

०७७/०८/०८

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय इकाई)

सिंहदरवार, काठमाण्डौ
फोन: ०१-४२००३२८
फ्याक्स: ०१-४२००११६

प.स. :०७७/०७८
च.नं.रा.म.उ.इ ६६
मिति: २०७७/०७/०३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार काठमाडौं ।

विषय : समन्वय तथा सहजिकरण सम्वन्धमा ।

उपर्युक्त सम्बन्धमा यस मन्त्रालयको राष्ट्रपति महिला शसक्तिकरण परियोजना अन्तर्गत सातै प्रदेशका मानव विकास सूचकांङ्कमा पछाडी परेका स्थानीय तहमा विपन्न, सिमान्तकृत समुदायलाई समेटेर लैङ्गिक समानता उन्मुख (लैङ्गिक मैत्री) नमुना गाँउ स्थापना गर्दै लैजाने उद्देश्यले पहिलो चरणमा सात प्रदेशका सात स्थानीय तहका लक्षित समुदायको बाक्लो बस्ती रहेको स्थानलाई नमुना बहुआयामिक ग्रामको रुपमा छनौट गर्न विज्ञहरुबाट समुदायस्तरको स्थलगत अध्ययन र स्थानीय तह सँगको छलफल समेतको आधारमा सम्भावित स्थानको सम्भाव्यता अध्ययन गरी अध्ययनको प्रतिवेदन मन्त्रालयमा प्राप्त भएको छ । उक्त प्रतिवेदनमा विपन्न ,सिमान्तकृत,बाक्लो बस्ती आदि विभिन्न आधारमा सातैवटा प्रदेशका एक / एक वटा स्थानीय तहका एक / एक वटा देहायका बस्ती र समुदायहरुलाई बहुआयामिक नमुना ग्रामको रुपमा स्थापना र संचालन गर्न सक्ने गरी सिफारिश भएको छ। प्रतिवेदनको आधारमा बहुआयामिक नमुना ग्राम स्थापना तथा संचालनको लागि अवधारणा मिति २०७७/६/१३ मा.मन्त्रीस्तरबाट स्वीकृत भएको छ । संघीय,प्रदेश र स्थानीय सरकारको समन्वय र साझेदारीमा स्थापना तथा संचालन हुने बहुआयामिक नमुना ग्रामको संचालन निर्देशिका र ग्रामको घोषणा नेपाल सरकार (मन्त्रीपरिषद्)बाट हुनेछ । उक्त अवधारणामा आधारित भई तपशिलका स्थानीय तहलाई बहुआयामिक नमुना ग्राम घोषणाका लागि आवश्यक लागत अनुमान सहितको DPR (Ditailed Project Report) तयार गरी सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयको सिफारिश सहित यस मन्त्रालयमा पठाउने व्यवस्थाको लागि छनौट भएका स्थानीय तहमा परिपत्र गरिदिनुहुन मिति २०७७/०६/२७को मा. मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध छ ।

तपशिल

| क्र.स | प्रदेश | छनौट भएका स्थानीय तह | लक्षित समुदाय |
|---|---|---|---|
| १ | प्रदेश १ | उर्लाबारी नगरपालिका वडा नं.८बहादुरबाबा मोरङ्ग | सन्थाल समुदाय |
| २ | प्रदेश २ | गोलबजार नगरपालिका वडा नं. ११बलकावा सिराहा | मुसहर डोम विपन्न दलित |
| ३ | बाग्मती प्रदेश | राप्ती नगरपालिका वडा नं.१०, ११ ,१२ ,१३ चौधारा थाकलटार चितवन | चेपाङ्ग आदिवासी |
| ४ | गण्डकी प्रदेश | रघुगंगा गाउँपालीका वडा नं. ७ चिमखोला म्याग्दी | दलित जनजाती |
| ५ | लुम्बिनी प्रदेश | नेपालगञ्ज उपमहानगरपालिका वडा न. फुलटेका बाँके | विपन्न मुस्लिम |
| ६ | कर्णाली प्रदेश | नारायण नगरपालिका वडा नं. २ जरकोट दैलेख | विपन्न ब्राम्हण क्षेत्री |
| ७ | सुदुरपश्चिम प्रदेश | धनगढी उपमहानगरपालीका वडा नं. १३ धुरजन्ना र हिक्मतपुर कैलाली | विपन्न मुक्तकमैयाकमलहरी |

अन्जु ढुंगाना
प्रमुख महिला विकास अधिकृत

संलग्न : राष्ट्रपति महिला उत्थान बहुआयामिक नमुना ग्राम अवधारणा पत्र २०७७ ।

# राष्ट्रपति महिला उत्थान कार्यक्रम
## बहुआयामिक नमूना ग्राम
## अवधारणापत्र २०७७

### १. विषय प्रवेश र अवधारणा

नेपालको संविधान (२०७२) ले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक सहितका मौलिक हकको प्रत्याभूति गरेको छ । त्यसैगरी दिगो विकास लक्ष्य नं ५मा लैङ्गिक समानता तथा बालिका सशक्तिकरणको विषय समावेश गरिएको छ । महिलाको क्षमता, श्रम, सीप र सिर्जनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्म अनुरुप सामाजिक समानता कायम गर्न आवश्यक कानूनी तथा संरचनागत ब्यवस्थाहरू समेत भएका छन् । तीनै तहका सरकारमा लैङ्गिक समानता र महिला सशक्तिकरणका विषयहरूलाई क्रमश मूलप्रवाहिकरण गर्ने कार्य भइरहेको छ ।

नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा महिलाको बहुआयामिक विकास गरी लैङ्गिक समानता र महिला सशक्तिकरण कायम गर्न जोड दिएकोछ। आ.व २०७३/७४ देखि सञ्चालित राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गतको महत्वपूर्ण कार्यक्रमको रूपमा बहुआयामिक नमूना ग्राम कार्यक्रमलाई आ.ब. २०७५/०७६मा समावेश गरी बजेट समेत विनियोजन गरिएको थियो ।

१५औ योजनामा राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रमलाई रुपान्तरणकारी आयोजनाको रुपमा समावेश गरिएको छ । जसले महिलाको सामाजिक तथा आर्थिक सशक्तिकरण गर्दै लैङ्गिक उत्तरदायी शासन पद्धतीको स्थापना र समतामूलक समाज निर्माणमा योगदान पुर्याउने लक्ष्य राखिएको छ ।

गरिव तथा विपन्न दलित, आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, वादी, मुसहर, कमलरी, कमैया, चेपाङ्ग जस्ता वन्चितिमा परेका समुदायका महिला तथा किशोरीको आय आर्जन क्षमता विकास र सशक्तिकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम अन्तर्गत बहुआयामिक नमूना ग्राम कार्यक्रम अगाडी सारिएको हो । यस कार्यक्रममा यस्ता खास समुदायको छनौट गरी त्यस समुदायको पहुँच विस्तार गर्न पुर्वाधार, शिक्षा, स्वास्थ्य,

रोजगारी विकासका हरेक आयाममा लैङ्गिक मैत्री बनाई बहुआयामिक नमूना ग्रामको रुपमा स्थापना गर्ने उदेश्य रहेको छ ।

मानव विकास सूचकांङ्कमा पछाडी परेका स्थानीय तह अन्तर्गत विपन्न, सिमान्तकृत समुदायलाई समेटेर लैङ्गिक समानता उन्मुख नमूना गाँउ स्थापना गर्दै लैजाने उद्देश्यले पहिलो चरणमा सात प्रदेशका ७ स्थानीय तहको लक्षित समूदाय रहेको बस्तीलाई नमूना बहुआयामिक ग्रामको रुपमा स्थापना गर्न स्थान छनौटका लागि विज्ञ परामर्शदाताद्धारा स्थानीय समुदायमै गएर स्थलगत रूपमा अध्ययन गरी विस्तृत अध्ययन प्रतिवेदन समेत तयार गरी मन्त्रालयमा पेश भएको छ ।

२. बहुआयामिक नमुना ग्रामको उदेश्य

१. भौतिक पुर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगारीका अवसर तथा राजनैतिक, आर्थिक, सामाजिक, तथा सास्कृतिक क्षेत्रको प्रतिनिधित्व र व्यवहारमा समेत महिला र पुरूष समानता हुने गरी लैङ्गिक मैत्री नमूना समुदाय निमार्ण गर्नु ।

२. मानव अधिकार संग सम्बन्धित बिषयहरूका साथै मानव विकासका सुचकहरूमा र विकासका विभिन्न आयामहरूमा महिला पुरूषको अवस्थामा सुधार गरी सामाजिक रुपान्तरणमा टेवा पुप्याउनु ।

३. महिला, वालबालिका, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागिरकको संरक्षण, विकास र सशक्तिकरण गदै हिंसा मुक्त समाज निमार्ण गर्नु ।

३. बहुआयामिक नमूना ग्रामका सूचकहरु :

- लैंगिक मैत्री भौतिक संरचना र पूर्वाधार (सडक, विद्युत, सञ्चार र सार्वजनिक स्थल तथा भवनहरु) निर्माण भएको हुने ।
- कामकाजी महिलाहरुको लागि स्तनपान कक्ष र दिवा शिशु स्याहार केन्द्रको उपलब्धता भएको हुने,
- शिक्षा (आधारभूत र माध्यमिक तह)को उपलब्धता भएको हुने,
- सरसफाइ र सफा पिउने पानीको उपलब्धता भएको हुने,
- उच्च गति युक्त इन्टरनेटको सुविधा भएको हुने ।
- महिलाको आर्थिक अवस्थालाई सुदृढ गर्न रोजगारीको अवसरको सृजना र तालिम तथा रोजगार केन्द्रहरुको व्यवस्था भएको हुने ।

- लैङ्गिक हिंसा/घरेलु हिंसा जस्ता विषयलाई सुनुवाइ र संबोधन गर्ने निकायहरू स्थापना हुने भएको हुने ।
- हानिकारक अभ्यासहरु र Gender-based Violence नभएको अवस्था हुने ।
- सुलभ र सहुलियतपूर्ण कर्जाको उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाको व्यवस्था भएको हुने ।
- महिलाले गरेका उत्पादनहरुको बजार पहुँच सुनिश्चितताका लागि कोशेलीघर, सौगात गृह जस्ता बिक्री केन्द्रहरूको उपलव्धता भएको हुने ।
- कार्यक्रम लागू हुने सबै स्थानीय तहका कार्यालयहरूमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यबस्था भएको हुने ।
- महिलाको प्रजनन स्वास्थ्यको सुनिश्चितता र बालबालिकाको स्वास्थ्य उपचारका लागि सुविधा सम्पन्न स्वास्थ्य केन्द्रको व्यवस्था भएको हुने ।
- हिंसा, बेचविखन र जोखिममा परेका महिला तथा बालबालिको उचित व्यवस्थापनको लागि राहत, पुनर्स्थापना, कानुनी सहायता, मनोसामाजिक परामर्श र स्वास्थ्य सेवा सहितको पूनर्स्थापना केन्द्र सञ्चालन भएको हुने ।
- पर्यटन प्रर्वद्धनका लागि नमूना गाँउको बारेमा सूचना तथा जानकारी उपलव्ध गराउन सूचना केन्द्रको व्यवस्था भएको हुने ।
- आवश्यक सेवा सुविधा सहितको ज्येष्ठ नागरिकका लागि मिलनकेन्द्र र अपांगता भएका व्यक्तिहरूका लागि अपांगता ग्राम स्थापना भएको हुने ।
- बालबालिकाहरूका लागि बाल क्लव तथा बाल उद्यान, बाल बाचनालय स्थापना भएको हुने ।
- व्यायमशाला तथा स्वच्छ वातावरण सहितको हरियाली पार्क निमार्ण भएको हुने ।
- स्थानीय कला, संस्कृति,भेषभूषा, परम्पराको संरक्षण र सम्वर्द्धन गर्न क्लव/समूह गठन तथा परिचालन भएको हुने ।
- महिला वालबालिका तथा अपाङ्ग मैत्री सार्वजनिक शौचालयको व्यबस्था हुने ।

४. बहुआयामिक नमूना ग्रामको स्थान छनौटका सूचकहरु

- विभिन्न कारणले पछाडी परेका आदिवासी जनजाती, सिमान्तकृत समुहको वाक्लो वस्ति रहेको समुदाय/गाउँ ।
- मानव विकास सूचकाङ्कमा पछाडि परेका समुदाय/गाउँ ।
- लैङ्गिक समानताको परिसूचकहरु कमजोर रहेका समुदाय/गाउँ ।
- हानिकारक अभ्यास तथा लैंगिक हिंसाबाट बढी ग्रसित समुदाय/गाउँ ।
- महिला मैत्री पूर्वाधारहरु कमजोर भएका तर निर्माणको सम्भाव्यता भएका समुदाय/गाउँ/

- स्थानीय सरकारले दिएको प्राथमिकता र साझेदारीको अवस्था ।
- बजारको उपलब्धता र पहुँच ।
- कम्तिमा पनि ५० घरधुरी र ३०० भन्दा बढी जनसख्या भएको समुदाय ।

५. कार्यक्रम सञ्चालन विधि

- राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गतका बहुआयामिक नमूना ग्राम कार्यक्रम संघ, प्रदेश र स्थानीय तहसँगको सहकार्य र साझेदारीमा सञ्चालन गरिनेछ। संचालनको मोडालिटिको लागि छुट्टै कार्यविधि स्वीकृत गरी लागु गरिनेछ ।

६. प्रस्तावित बहु आयामिक नमूना ग्राम स्थापना तथा सञ्चालन गर्न छनौट भएका स्थान र स्थानीय तह

विज्ञले सम्बन्धित स्थानको स्थलगत अध्ययन गरी दिएको प्रतिवेदनको अनुसार माथि उल्लेखित सुचकका आधारमा स्थानीय तह र समुदाय छनौटका लागि प्रस्ताव भए बमोजिम हाललाई देहायका स्थानीय तह र समुदाय छनौट गरिएको छ ।

| सि. नं. | प्रदेश | समुदाय | स्थान | लक्षित समुदा | |
|---|---|---|---|---|---|
| | | | | घर धुरी | जनसं |
| १. | प्रदेश १ | सन्थाल लोपोन्मूख | उर्लाबारी नगरपालिका, वडा नं. ८, बहादुर बाबा, मोरङ | ९९ | ४३३ |
| २. | प्रदेश २ | मुसहर/डोम (अति विपन्न दलित ) | गोलबजार नगरपालीका, वडा नं. ११ र बलकावा बस्ती, सिराहा | ५५२ | ३२३० |
| ३. | बागमति प्रदेश | चेपाङ/लोपोन्मुख आदिवासी | रासी नगरपालिका वडा नं. १०, वडा नं. ११, वडा नं. १२ र १३को चौधारा थाकलटार, चितवन | १७२७ | ८६३५ |
| ४. | गण्डकी प्रदेश | दलित, जनजाति | रघुगंगा गाउँपालीका, वडा नं.७, चिमखोला, म्याग्दी | ३०३ | १२९४ |
| ५. | प्रदेश ५ | विपन्न मुस्लिम | नेपालगञ्ज उपनगरपालिका, वडा नं. ६ र फुलटेक्रा बस्ती, बाँके | २५९ | १४६० |
| ६. | कर्णाली प्रदेश | विपन्न ब्राम्हण/ क्षेत्री, | नारायन न.पा.वडा नं. २ जकक‍ोट, दैलेख | ५६४ | २८९४ |
| ७. | सुदूरपश्चिम प्रदेश | विपन्न मुक्त कमैया/कमलहरी | धनगढी उपमहानगरपालीका,वडा नं.१६,वडा नं.१२ को हिम्मतपुर बस्ती र वडा नं. १७के धुरजन्ना र,कैलाली | २८६७ | १४८६ |
| | जम्मा | | | | |

७. स्रोत साधन र संचालनको व्यवस्था

बहुआयामिक नमूना ग्रामको स्थापना तथा संचालन संघ प्रदेश र स्थानीय तहको समन्वय र साझेदारीमा हुने भएकाले तीन तहकै लागत साझेदारीमा संचालन गरिनेछ। बहुआयामिक नमूना ग्राममा स्थापना हुने संरचनाहरु विभिन्न संघीय मन्त्रालयसँग अन्तर सम्बन्धित विषय भएकाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा केन्द्रीयस्तरमा निर्देशक समिति गठन गरी समन्वयको व्यवस्था गरिनेछ। नमूना ग्राम स्थापनाका लागि प्रत्येक्ष सरोकार राख्ने शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय लगायत सरोकारवाला मन्त्रालयहरू रहने गरी प्रदेशमा सामाजिक विकास मन्त्रालयले समन्वय गर्नेछ भने ग्राम सञ्चालनको मुख्य जिम्मेवारी सम्बन्धित बहुआयामिक नमूना ग्राम रहने स्थानीय तहको हुनेछ ।

प्रस्तावित बजेट

सात प्रदेशका उल्लेखित सात स्थानीय तहका लागि बहुआयामिक नमूना ग्राम स्थापना तथा संचालन गर्न पहिलो वर्षमा जम्मा ५० लाख बजेट प्रस्ताव गरिएको छ। बहुआयामिक नमूना ग्राम स्थापना तथा संचालनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको श्रोत साधनका अतिरिक्त नेपाल सरकारको स्वीकृती लिई विकासका साझेदार अन्य संघ, संस्था र व्यक्तिको श्रोत साधन समेतको परिचालन गर्न सकिनेछ ।

८. अपेक्षित उपलब्धि र उपलब्धि सूचकहरु

- लैङ्गिक समानतामूलक मर्यादित समुदाय स्थापना हुने।
- लैङ्गिक हिंसा मुक्त समाज निर्माण हुने ।
- सबै बालबालिकाले आधारभूत विद्यालय शिक्षा प्राप्त गरेका हुने ।
- हिंसा पीडितहरुको संरक्षण र पुनस्थापनका लागि सुविधा सम्पन्न पुनर्स्थापना केन्द्रको व्यवस्था हुने ।
- बालबिवाह मुक्त समाज निमार्ण हुने ।
- महिलाको सामाजिक र आर्थिक जीवनमा सुधार हुने ।
- सबैले स्वच्छ खानेपानी उपयोग गरेका हुने ।
- महिला, बालबालिका, अपाङ्ग र ज्येष्ठ नागरिकमैत्री भौतिक संरचना निमार्ण हुने ।
- लैङ्गिक तथा जातिय विभेद, शोषणमुक्त समाज निर्माण हुने ।
- महिलाको मर्यादित जीवनयापनको वातावरण सुनिश्चित हुने ।

- हानिकारक प्रथा परम्परा र अभ्यासको अन्त्य हुने ।
- पोषणयुक्त खानाको प्रयोगमा बृद्धि भै कुपोषण कम हुने।
- प्रत्येक घरमा करेशावारी र मौसमी बेमौसमी तरकारी उत्पादन र उपयोग हुने।
- सुधारिएको धुवा रहित चुल्हो तथा जुठेल्नो प्रयोगमा ल्याईएको हुने ।
- बालबालिकले विद्यालय छाडने प्रचलन पूर्ण रुपमा अन्त्य हुने।
- ज्येष्ठ नागरिक आरोग्य ग्राम/अपांगता ग्राम सञ्चालन भएको हुने।
- स्थानीय स्रोत र साधनको प्रयोगबाट प्रत्येक घरधुरिमा उद्यम रहने गरी उद्यम सञ्चालन हुने।
- उत्पादित वस्तुहरुको विक्रि वितरणका लागि विक्री केन्द्र/कोशेलीघर स्थापना र सञ्चालन हुने।
- स्थानीय तहमा गठन हुने समितिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्व हुने ।
- श्रोत साधन माथि महिलाहरुको पँहुच नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागितामा हुने ।
- सडक बालबालिका र बेसाहरा जेष्ठ नागरिक मुक्त समाज हुने ।
- महिलाहरुको सामाजिक र आर्थिक अवस्थामा उल्लेखनीय सुधार हुने,
- शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर सिर्जना हुने ।
- स्थानीय धर्म,संस्कृति, कला अदिको संरक्षणा र जर्गेना गर्दै पर्यटन प्रर्वद्धनमा टेवा पुगेको हुने ।
- बैंक तथा वित्तीय संस्थाको स्थापना भई सहुलियत पूर्ण कर्जा प्राप्त हुने ।
- सामाजिक तथा धार्मिक कार्यमा महिलाको सम्मानपूर्ण मर्यादित सहभागिता हुने ।
- स्थानीय स्रोत साधनको समुचित प्रयोगबाट रोजगारी तथा स्वरोजगारी सिर्जना हुने ।
- स्थानीय कृषि र औद्योगिक उत्पादनमा बृद्धि भै अन्य स्थानीय तहमा निर्यात हुने ।

९. बहुआयामिक नमूना ग्रामको लागि घोषणा

मन्त्रालयमा विज्ञहरू मार्फत प्राप्त भएको स्थलगत अध्ययनको विस्तृत प्रतिवेदन, बहुआयामिक नमूना ग्राम स्थापना गर्ने स्थानीय तहको भैगोलिक अवस्थिति, रहनसहन, भाषा,संस्कृति र परम्परा, पूर्वाधारको अवस्था, सेवा सुविधाको अवस्थाका अधारमा नमूना ग्राम स्थापना गरिने सम्बन्धित स्थानीय तहले नमूना ग्राम हुनका लागि आवश्यक पर्ने सूचक र अपेक्षित उपलब्धिका सूचकलाई आधार मानि नमूना ग्राम घोषणाका लागि अनुरोध गरेको प्रस्ताव प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत सिफारीश गरी पठाउने । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले घोषणाका लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्नेछ र मन्त्रिपरिषदबाट बहुआयामिक नमूना ग्रामको घोषणा हुनेछ साथै नमूना ग्राम सञ्चालन कार्यविधि र घोषणाको लागि मन्त्रिपरिषद प्रस्ताव पेश गर्नेछ ।

१०. अनुगमन तथा मूल्याङ्कन

संघीय मन्त्रालय:

कार्यक्रम संचालनको लागि नीतिगत निर्देशन, समन्वय तथा सहजीकरण तथा वित्तीय साझेदार संघीय मन्त्रालयले गर्नेछ। नतिजा सूचकको आधारमा प्रतिफल र प्रभावको अनुगमन तथा मूल्याङ्कन संघीय मन्त्रालयले गर्नेछ ।

प्रदेश मन्त्रालय:

कार्यक्रमको प्रभावकारीताको अनुगमन अन्तरतह समन्वय तथा लागत साझेदारी प्रदेश तहका सम्बन्धित मन्त्रालयले गर्नेछ ।

स्थानीय तह:

कार्यक्रम संचालनको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुनेछ स्थानीय तहमार्फत प्रदेशको सामाजिक विकास मन्त्रालयको सिफारिशमा नेपाल सरकारबाट बहुआयामिक नमूना ग्रामको घोषणा गरिनेछ।

११. बहुआयामिक नमूना ग्राम सञ्चालन सम्बन्धि प्रक्रियागत व्यवस्था

राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत सञ्चालन गरिने बहुआयामिक नमूना ग्राम यसै अवधारणा स्वीकृती तथा अर्थ मन्त्रालयबाट बजेट व्यवस्था भएपश्चात बहुआयामिक नमूना ग्राम सञ्चालन कार्यविधि तयार गरी कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाढि बढाइनेछ ।

अनुसूची १

सात प्रदेशका तपशिलका सात स्थानीयतहका लागि बहुआयामिक नमूना ग्राम स्थापना तथा संचालन गर्न लागि मुख्य मुख्य कियाकलापहरूको विवरण

| क्र. स | मुख्य कियाकलाप | अनुमानित लागत | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | बहुआयामिक नमूना ग्राम स्थापना तथा संचालन कार्यविधि निर्माण | ५ लाख | केन्द्रस्तर | |
| २. | बहुआयामिक नमूना ग्राम स्थापना तथा संचालन कार्ययोजना तयारी | २१ लाख | सम्बन्धित स्थानीयस्तर | ३ लाख प्रति स्थ तह |
| ३. | प्रदेश र नमूना ग्राम स्थापना गरिने स्थानिय तह बिच अन्तर्रक्रिया कार्यक्रम संचालन | २१ लाख | प्रदेशस्तर | |
| ४. | बहुआयामिक नमूना ग्राम घोषणा | - | | |
| ६ | कार्यक्रम अनुगमन | ३ लाख | सम्बन्धित स्थानीय तह | - संघ, प्रदेश र स्था तह |
| ७ | कुल जम्मा | ५० लाख | / | |